ल्याउने कुनै कुरा नै छैन । सरकार र जनताको संपर्क, विश्वासमा बाधा पुऱ्याउने गरी यस्तो प्रचार गर्ने हरु प्रजातान्त्रिक पद्धतिमा निष्ठा राख्नेहरुको गतिमा राख्न सकिदैनन् ।

त्यही बुलेटिनमा लेखिएको " गुप्त संघी, भन्ने चर्चा अझ घोरतर देश-द्रोही प्रचार हो। एकतन्त्रीय शासनबाहेक प्रजातन्त्रीय शासनपद्धतिमा " गुप्त संघी " भन्ने कुराको ठाउँ नै छैन । त्यस्तै " विदेशी हस्तक्षेप " भन्ने प्रचार पनि बकवाद मात्र हो । हाम्रा देशका कुनै कार्य संपादन र पद्धतिमा कसैले रोकावट गरेको पनि छन र गरेमा जनताको सरकारले त्यसको विरोध पनि गर्न तयार छ । अतः जनताले यस्ता प्रतिक्रियावादीहरुको मिथ्या र भ्रामक प्रचारसित सावधान रहनुपर्छ ।

## पब्लिक सर्भिस कमिशनको सूचना

पब्लिक सर्भिस कमिशनका सेक्रेटरी श्रीखड्गमान मल्ल्ले २००८ साल फाल्गुन ६ गतेदेखि चैत्र ३० गतेसम्म २ सालको ५१ दिन घरबिदा लिइ-भएको छ ।

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।